नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
गोरखा

फोन नं. - ०६४-४२०१३३
फ्याक्स नं. - ०६४४२०१८९
Email : dao.gorkha@gmail.com
URL : daogorkha.moha.gov.np

पत्र सख्या :- २०७७/०७८
चलानी नं. :-

मिति :- २०७७/०४/२७

## कोभिड १९ सम्बन्धी अत्यन्त जरुरी सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना डिजिज भाइरस "कोभिड-१९" का कारण देशमा विभिन्न स्थानमा संक्रमण फैलिरहेको विदितै छ । यसै सिलसिलामा गोरखा जिल्लामा समेत दिनानुदिन संक्रमितहरुको संख्या बढ्दै गइरहेको सन्दर्भमा सबै सार्वजनिक निकाय, यातायात व्यवसायी, आम जन समुदायमा निम्नानुसारको शर्तहरुको पालना गरी स्वास्थ्य सुरक्षा र सचेतना अवलम्बन गर्नु हुन हार्दिक अनुरोध गरिन्छ । अन्यथा संक्रामक रोग ऐन, २०२०, स्थानीय प्रशासन ऐन, २०२८ र अन्य प्रचलित कानून बमोजिम कारवाही गरिने व्यहोरा जानकारी गराइन्छ ।

### तपसिल

क. अत्यावश्यक काममा बाहेक सकेसम्म कोही पनि घरबाहिर ननिस्कने ।

ख. २५ जना भन्दा बढी जम्मा हुने, भिडभाड गर्ने, एकै ठाउँमा जम्मा भई बैठक, मिटिङ गर्ने, सभा तथा सम्मेलनहरु गर्ने लगायतका कुनै कार्यहरु नगर्ने ।

ग. खेल मैदानमा जम्मा भई खेल खेल्ने, सोही कारणबाट लडाई झगडा गर्ने जस्ता हरकत देखिएकोले यस्ता क्रियाकलापहरु हाललाई नगर्ने नगराउने ।

घ. जिल्लामा प्रवेश गर्नु अगाडि आफ्नो सम्पूर्ण विवरण चेक पोष्ट, हेल्प डेस्कमा टिपाइ सुरक्षाकर्मीलाई सहयोग गर्ने ।

ङ. सुरक्षाकर्मी, स्वास्थ्य उपचार टोली, स्वास्थ्यकर्मी लगायतका जनशक्तिलाई कोभिड सम्बन्धी सूचना दिई सहयोग गर्ने ।

च. अत्यावश्यक कार्य गर्नु परी घरबाहिर निस्कनु पर्दा अनिवार्य रुपमा मास्क लगाउने, स्यानिटाईजर प्रयोग गर्ने, न्यूनतम भौतिक दुरी कायम गर्ने र आधारभुत स्वास्थ्यका मापदण्ड पालना गर्ने ।

छ. खाद्यान्न, औषधी तथा स्वास्थ्य सामाग्री, एम्बुलेन्स, सवबाहन पेट्रोलियम पदार्थ, निर्माण सामाग्री लगायतका अत्यावश्यक सामाग्री ढुवानीका सवारी साधनलाई रोकतोक नगर्ने ।

ज. छोटो दुरीका सवारी साधनले तोकिए भन्दा बढी यात्रु नबोक्ने, स्वास्थ्य सुरक्षाका न्यूनतम मापदण्ड पुरा गर्ने ।

झ. शैलुन, ब्युटी पार्लर, जिमखाना जस्ता व्यवसायहरु सन्चालन नगर्ने नगराउने ।

ञ. अत्यावश्यक वस्तुहरुको बिक्रि वितरण गर्ने व्यवसायीहरुले मास्क, स्यानीटाइजर तथा सुरक्षा मापदण्डहरुको पुर्ण प्रयोग तथा पालना गर्ने ।

तसर्थ माथि उल्लेखित शर्तहरुको पालना नगरिएको पाइएमा खटिएको सुरक्षाकर्मीले नियन्त्रणमा लिई कानून बमोजिमको कारवाही गर्ने हुँदा यसलाई सबैले पालना गरिदिनु हुन समेत जानकारी गराइन्छ ।

सचेत बनौं, सचेत रहौं, सुरक्षित बसौं, स्वस्थ रहौं ।

२०७७/४/२६.

तिर्थराज भट्टराई
प्रमुख जिल्ला अधिकारी